का.जि.प्र.का.द.नं. १००/०५१/५०
७ मंसिर २०८०,
बिहीबार
23 November 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २८८ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# दुर्गा प्रसाईंको प्रतिवादमा एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ मंसिर ।

नेकपा एमालेको भ्रातृ संगठन युवा संघ नेपाल र मेडिकल व्यवसायी दुर्गा प्रसाईंले शक्ति प्रदर्शनका लागि एउटै दिन रोजेका छन् । एकले अर्को विरुद्ध चर्को अभिव्यक्ति दिइरहेका कारण सम्भावित सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै सुरक्षा निकायले एकीकृत सुरक्षा योजना तयार पारेका छन् । मेडिकल व्यवसायी प्रसाईंले असन्तुष्ट पक्षहरुको आवाज क्यास गर्ने र राजावादीहरुको समर्थन लिएर प्रदर्शन गर्न लागेका बेला युवा संघले त्यसको प्रतिरोधका लागि प्रदर्शन गर्न लागेको हो । युवा संघले विरोध प्रदर्शन गर्ने भनिएतापनि एमाले अध्यक्ष केपी शर्मा ओली र महासचिव शंकर पोखरेलले नै यसको अपनत्व लिएर सिंगो पार्टीको प्रदर्शनको रुप दिएका छन् ।



एमाले अध्यक्ष ओलीले आफैंलाई हजुरबा भन्ने र विगतमा केन्द्रीय समितिमा सँगै रहेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंको प्रदर्शन विफल बनाउन पार्टीका कार्यकर्तालाई प्रदर्शनमै उतारेका छन् । वेटिङ सरकारको रुपमा रहेको पार्टी एउटा व्यक्तिको प्रतिवादमा उत्रिएको हो ।

अझ जनबल प्रयोग गर्ने जस्ता अभिव्यक्ति एमाले अध्यक्ष ओलीले दिइरहेका छन् ।

एमालेले यही मंसिर १४ गतेदेखि बैतडीको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्म 'समृद्धिका लागि संकल्प यात्रा' नाम दिएर अभियान सुरु गर्दैछ । त्यसको पूर्व सन्ध्यामा बुधबारदेखि सुरु भएको केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गर्दै एमाले अध्यक्ष ओलीले एमालेले राजनीतिलाई दिशा नदिने हो भने अरुले त्यो जनसन्तुष्टिलाई सम्बोधन गर्न नसक्ने बताए । एउटा प्रणाली नै परिर्वतन गरेर प्रतिगमनमा लैजान खोज्ने, अर्को अहिलेकै प्रणाली कायम राख्न खोज्ने, तर यथास्थितिवादीहरु रहेको भन्दै ओलीले दुबैलाई सफल हुन नदिने बताए । देशलाई अगाडि बढाउने जिम्मा एमालेले लिने भन्दै उनले भने, 'कसरी भन्ने छलफल गर्छौं, भएन भने जनबलको प्रयोग गर्नुपर्ने हुनसक्छ ।'

दुर्गा प्रसाईंसँग प्रतिवादमा उत्रिएको एमालेले प्रदर्शनको अघिल्लो दिन जनबलको पृष्ठ २ मा

## माओवादी–नेसपा

# घुमीफिरी रुम्जाटार !

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ६ मंसिर ।

पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा) ले नेकपा माओवादी केन्द्रसँग एकताको पहल अगाडि बढाएको छ । बुधबार बसेको केन्द्रीय कमिटी बैठकले अध्यक्ष भट्टराईकै नेतृत्वमा वार्ता समिति गठन गरेको छ ।

वार्ता समितिमा अर्का अध्यक्ष महिन्द्र राय यादव, सहअध्यक्ष गंगानारायण श्रेष्ठ, उपाध्यक्ष दुर्गा सोब, महासचिव रमेशप्रसाद यादव, कार्यकारिणी सदस्य जनकराज शाह सदस्य छन् । अध्यक्षद्वय भट्टराई र यादवले संयुक्त बक्तव्य जारी गरेर वार्ता समिति गठन गरेको उल्लेख गरेका छन् ।

नेसपाले गत वर्ष मंसिरको चुनावमा माओवादी केन्द्रकै चिन्हबाट चुनावमा भाग लिएको थियो । तर सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रसहित चार दल (माओवादी, एकीकृत समाजवादी, जसपा र नेकपा) सम्मिलित समाजवादी मोर्चा घोषणा गर्दा नेसपा छुटेको थियो । लगत्तै माओवादीले एकता पहलका निम्ति महेन्द्र राय यादवलाई पत्र पठाएको थियो । त्यसपत्रलाइ लिएर बाबुराम भट्टराई बाहेकको एकता पहल गरिएको चर्चा समेत भयो ।



माओवादी परित्याग गरेको ८ वर्षपछि फेरि पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई पुरानै पार्टीमा फर्कने तयारीमा जुटेका छन् । त्यसका लागि बुधबार भट्टराईकै नेतृत्वमा वार्ता समिति गठन गरिएको छ ।

स्रोतका अनुसार, उक्त पत्रपछि भट्टराई एकताको पक्षमा थिएनन् । यद्यपि पार्टीभित्र बाबुरामसहितको एकतामा दबाव बढेपछि नेसपाले सबै पक्ष समेटेर वार्ता समिति गठन गरेको छ । माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग बाबुरामले भेटेपछि नै वार्ता टोली गठन भएको छ ।

वार्ता टोलीपछि फेरि बाबुराम र प्रचण्ड एउटै पार्टीको नेता बन्ने संभावना बढेको छ । प्रचण्ड र बाबुराम तीन दशक सँगै राजनीति गरेका नेता हुन् । २०५२ सालमा सशस्त्र विद्रोह गर्दा पनि प्रचण्ड र बाबुराम सँगै थिए । दश वर्ष सशस्त्र विद्रोह पछि शान्तिपूर्ण राजनीतिको एक दशक पनि सँगै रहे ।

२०६४ सालको पहिलो संविधानसभा निर्वाचनपछि प्रचण्ड र बाबुराम पालैपालो प्रधानमन्त्री बनेका थिए । २०७२ को संविधान जारी गरेपछि भने बाबुरामले पार्टी छोडेर आफ्नै नेतृत्वमा पृष्ठ २ मा

## कोपमा प्रधानमन्त्रीको प्राथमिकता

# अन्तर्राष्ट्रिय ऋण होइन अनुदान लिने



नेपाल याचना होइन, सशक्त दाबीका साथ प्रस्तुत हुनेछ । सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रस्तुत हुने डकुमेन्टहरु र प्रस्तुतिहरु सोहीबमोजिम तयार छ ।
■ प्रचण्ड, प्रधानमन्त्री

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ मंसिर ।

कोप-२८ सम्मेलनमा नेपाली टोलीको नेतृत्व गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफैं सहभागी हुँदैछन् । मंसिर १४ गतेदेखि २६ गतेसम्म संयुक्त अरब इमिरेट्सको दुबईमा हुने कोप २८ मा प्रचण्ड नेतृत्वको टोली दुबई जानेछ । जलवायु संकटको अत्यधिक जोखिममा रहेका राष्ट्रको पक्षमा प्रधानमन्त्री प्रचण्डले सम्मेलनमा आफ्ना भनाई राख्नेछन् ।

प्रधानमन्त्री प्रचण्डले सम्मेलनका क्रममा राख्ने विषय र आफ्नो प्राथमिकता सार्वजनिक गरेका छन् । जलवायु परिवर्तन विज्ञानको मात्र विषय नभई राजनीतिक र भूराजनीतिको विषय बनेकोले त्यस अनुसार प्रस्तुत हुने उनको तयारी छ ।

प्रधानमन्त्रीका जलवायु तथा वातावरण सल्लाहकार पपुलर जेन्टलका अनुसार जलवायु परिर्वनलाई सम्बोधन गर्न अरूको मात्र आशा नगरी आफ्नो आन्तरिक तयारी पनि उत्तिकै गरिएको छ । स्वयम प्रधानमन्त्री प्रचण्डले पनि जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# करोडौं खर्चेर बनाइएको विभागको फेमिस प्रणालीमा समस्यै समस्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ मंसिर

वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मा समस्या आएको भन्दै श्रम स्वीकृति दिन ढिलाइ भएपछि वैदेशिक रोजगार विभाग ताहाचलमा सेवाग्राहीको गुनासो बढेको छ । श्रम स्वीकृति पाउने विश्वासमा पहिले नै जहाज टिकट लिएका कामदारहरू श्रम स्वीकृति नपाएपछि बुधबार कार्यालय परिसरमा होहल्लामा उत्रिँदा तनावको अवस्था उत्पन्न भएको छ । श्रम स्वीकृति नपाउँदा व्यक्तिगत तथा संस्थागत गरी दुई सयभन्दा बढीको जहाजको टिकट खेर गएको व्यवसायीहरूको दाबी छ ।

अनलाइन प्रविधिका माध्यमबाट सेवा प्रवाहमा चुस्तता ल्याएको भन्दै केही समय वैदेशिक रोजगार विभाग ताहाचलको सार्वजनिक परिचय नै बदलिएको थियो । तर पछिल्लोपटक फेमिसमा देखिएको समस्या डेढ महिनाभन्दा लामो समयदेखि समाधान हुन सकेको छैन । खासगरी प्रणालीमा फाइल अपलोड नहुने र पटकपटक 'इरर' देखाउने समस्या बढेको छ । समस्याको समाधान नहुँदा वैदेशिक रोजगार व्यवसायी र कामदारले विभागका महानिर्देशक मदन दहालको कार्यक्षमतामा नै प्रश्न उठाइ आरोपित गर्न थालेका छन् । सानोतिनो उजुरी र समस्या देखा पर्नासाथ व्यवसायीको कारोवार रोक्का गर्ने, तर समाधान गर्नुपर्ने मुख्य विषयमा पहल नगर्ने कतिपय व्यवसायीको टिप्पणी छ ।

पछिल्ला दिनमा कार्यालय समयमा फेमिस अर्थात प्रणाली नचल्ने र साँझ वा रातिको समयमा चल्ने गरेको छ । कार्यालय समयपछि सरकारी पृष्ठ २ मा

# आगामी वर्ष कोरियाले एक लाख ६५ हजार कामदार लिने

काठमाडौं/मस- दक्षिण कोरियाले आगामी वर्ष सन् २०२४ का लागि रोजगार अनुमति प्रणाली (ईपीएस) मार्फत १ लाख ६५ हजार विदेशी कामदार लैजाने भएको छ । यो दक्षिण कोरियाले विदेशी कामदार भित्र्याउन थालेपछि अहिलेसम्मकै बढी हो । प्रवासी मजदुर नीति निर्धारण समितिको बैठकले उक्त निर्णय गरेको हो । दक्षिण कोरियाले नेपालसहित पाकिस्तात, श्रीलंका, बंगलादेश, भियतनाम, फिलिपिन्स, उज्वेकिस्तान, कम्बोडियासहित १६ वटा देशबाट ईपीएस प्रणालीमा विदेशी कामदार लैजाने गरेको छ ।

हालसम्म ईपीएसमार्फत ३ लाख ५ हजार ९ सय ६ जना विदेशी पृष्ठ २ मा

**VACANCY ANNOUNCEMENT**
A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:
Receptionist - 2 Female
Documentation - 2 Male/Female
Public Relation Officer (PRO) - 2 Male/Female
Assistant Manager - 2 Male/Female
Accountant - 1 Female
Should have 2 years of experience in Manpower Field & known the computer skill (Word, Excel & Photoshop)
SALARY Negotiable
9841105977
Send us your CV: globalmanpowernepal@gmail.com
GLOBAL MANPOWER SOLUTIONS PVT. LTD.
P.O. Box:3355 Samakhushi, Kathmandu Nepal.
Phone : +977 01 5904717
Govt. Lic. No.: 1645/080/081

**शुन्य लागतमा कुवेतमा वैदेशिक रोजगारको अवसर**
कम्पनी : FOUR SEASONS HOTEL शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०८/०५ चलानी नं.:६०२१०२८० LT. No.:295167

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guestroom Attandant | 10 | 10 | सम्बन्धित काममा दक्ष | 135 | ५८३२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Server | 10 | 10 | | 141 | ६०९१९ | | | | | | | |
| 3. | Cook | 5 | 5 | | 158 | ६८२६३ | | | | | | | |
| 4. | Security Guard | 5 | 5 | | 163 | ७०४२४ | | | | | | | |
| 5. | Laundry Attandant | 5 | 5 | | 135 | ५८३२६ | | | | | | | |
| 6. | Technician | 5 | 0 | | 289 | १२४८६२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० मंसिर १४ गते (30 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले दिने | रु. १,५००/- रोजगारदाताले दिने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**खगोल ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ६३५/०६३/०६४
Email: info@khagoloverseas.com, khagoloverseas@gmail.com, khagolnepal@gmail.com
बानेश्वर, काठमाडौं, फोन: ०१–५२४४०४६, ०१–५२४४७४७, ०१–५२४४४४८
Mobile No: 9818284867, 9801022871, 9801022872.

**Europe को Romania मा रोजगारको अवसर**
कम्पनी: One Staff Srl | पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७८/१२/१३ चलानी नं.: ६०१७६९४४ LT No.:259715

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Bakery/Pastery Maker | 5 | 0 | सम्बन्धित काममा दक्ष तथा अनुभवी | 650 | ९४,८३०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Cook | 9 | 0 | | 650 | ९४,८३०।- | | | | | | | |
| ३. | Electrician - Skilled | 5 | 0 | | 650 | ९४,८३०।- | | | | | | | |
| ४. | General Worker | 26 | 5 | | 550 | ८०,२४१।- | | | | | | | |
| ५. | Housekeeping | 0 | 3 | | 550 | ८०,२४१।- | | | | | | | |
| ६. | Kitchen Helper | 8 | 0 | | 550 | ८०,२४१।- | | | | | | | |
| ७. | Nanny | 0 | 5 | | 650 | ९४,८३०।- | | | | | | | |
| ८. | Plumber | 5 | 0 | | 650 | ९४,८३०।- | | | | | | | |
| ९. | Shuttering Carpenters | 5 | 0 | | 650 | ९४,८३०।- | | | | | | | |
| १०. | Steel Fixer | 5 | 0 | | 650 | ९४,८३०।- | | | | | | | |
| ११. | Tile Mason | 5 | 0 | | 650 | ९४,८३०।- | | | | | | | |
| १२. | Waiter(Male) | 5 | 0 | | 550 | ८०,२४१।- | | | | | | | |

Note: यसै कम्पनीको लागि Sewing operator (Male/Female) को पनि माग भएकोले जान इच्छुक व्यक्तिहरूले नि:शूल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | रु. ५०,०००।- कामदार आफैंले |

अन्तरवार्ता २०८० मंसिर १९, २०, २१, २२, २३ र २४ गते (5, 6, 7, 8, 9 & 10 Dec., 2023) हिल्टन एकेडेमी प्रा. ली. र इन्टरस्काफ सेफटी ट्रेनिङ सलुशन प्रा. ली., काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Tiger Overseas Employment Services Pvt. Ltd.**
Govt Lic. No: 335/059/060
Kathmandu-4, Prakash Marg, Dhumbarahi, 01-4518997
Mob: 9851014027, 9851044216
Email : info@tigeroverseas.com.np | Website: www.tigeroverseas.com.np

मध्यान्ह
www.madhyanhadaily.com
७ मंसिर २०८०, बिहीबार
23 November 2023, Thursday

# नयाँ उत्साह र आत्मविश्वासका साथ अगाडि बढ्नुपर्छः प्रधानमन्त्री

**काठमाडौं/मस-** विनाशकारी भूकम्पका कारण क्षतिग्रस्त भएको सिंहदरबारको मूल भवनको पश्चिमतर्फको भाग पुनः निर्माण सम्पन्न भएको छ । पुनः निर्माण सम्पन्न भएको सो भवनमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को नयाँ कार्यालय स्थापना गरिएको छ। प्रधानमन्त्रीले बुधबार सो कार्यालयको उद्घाटन गर्दै कार्यारम्भ गरे। प्रधानमन्त्रीको कार्यालय सिंहदरबारकै पछिल्लो भागबाट अघिल्लो भागमा सरेको उल्लेख गर्दै प्रधानमन्त्रीले दाहालले भने, 'यो खाली ठाउँ मात्र सारिएको होइन। कामको प्रकृति र गुण पनि नयाँ ढंगले जाने सङ्कल्प पनि यसभित्र रहेको मैले महसुस गरेको छु।'



एक सय २० वर्ष पुरानो यो भवनलाई त्यसको मूल संरचना जस्ताको तस्तै राखेर पुनःनिर्माण भएको छ । भूकम्पबाट क्षति भएको यस भवनको 'रेट्रोफिटिङ'को काम पनि पूरा भएको छ ।

'हामी पछाडिबाट अगाडि आएका हौँ। मलाई अहिले भइरहेको ठाउँमा बस्दा अलि गुम्म लाग्नाका साथै त्यति ताजकी महसुस नभएजस्तो लाग्थ्यो', प्रधानमन्त्रीले भने, 'यो ठाउँमा आउँदा चाहिँ अलिकति सबैतिर हेर्न पाइने भएको छ। बरन्डामा पनि निस्केर हेर्न मिल्ने र फराकिलो सबै कारणले यहाँ दिमाग अलि बढी फुर्छ होला भन्ने मैले महसुस गरेको छु।'

प्रधानमन्त्रीले यो प्रक्रियामा सहयोग गर्ने सहरी विकास मन्त्रालय र पुनःनिर्माणमा सहयोग गर्ने टोलीलाई प्रधानमन्त्रीले धन्यवाद दिए । 'नयाँ शुभारम्भ भएको छ। नयाँ शुभारम्भले नयाँ गति पकडिने छ र हामी सबैको एकता अझ बलियो हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु', प्रधानमन्त्रीले भने ।

विसं २०७२ वैशाख १२ मा गएको विनाशकारी भूकम्पले सो भवन क्षति पुगेको थियो । त्यसलाई पुनःनिर्माण गरी गरिएको हो । सहरी विकासमन्त्री सीता गुरुङले नयाँ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रबलीकरण गर्ने काम पूरा भएको बताए। उनले रु. ४२ करोड हाराहारीमा प्रबलीकरण गर्ने काम सम्पन्न भएको जानकारी दिए ।

# 'फतुवा विजयपुर नगरमा विकासको गतिलाई अगाडि बढाउँछ'

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ६ मंसिर



निकै लामो विवादकाबीच रौतहटको फतुवा विजयपुर नगरपालिकाको कार्यालय प्रमुखमा प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) सुरेन्द्र प्रधान हाजिर भएका छन् । उपसचिव रहेका प्रधान बुधबार नगरपालिकाको कार्यालय प्रमुखको रूपमा हाजिर भएका हुन् ।

जनप्रतिनिधि लगायतको रोहवरमा हाजिर भएका प्रशासकीय अधिकृत प्रधान बुधबारदेखि नै कार्यालय प्रमुखको कार्यभार सम्हालेका छन् ।

प्रधान केही दिनअघि नै फतुवामा सरुवा भएपनि उनी हाजिर हुन पाएका थिएनन् ।

केही वडाअध्यक्षहरुले प्रधानलाई कुनै हालतमा हाजिर हुन नदिने अडान लिँदै विवाद गरेको कारण प्रधान अहिलेसम्म पनि हाजिर हुन सकेका थिएन । तर विवाद सल्टेपछि उनी बुधबार हाजिर भइ कामकाज सम्हालेका हुन्। हाजिर हुन गएका प्रधानलाई जनप्रतिनिधिहरुले भव्य स्वागत गरेका थिए ।

सो क्रममा प्रशासकीय अधिकृत प्रधानले नगरपालिकालाई विकासको गतिमा अगाडि बढाउने र भ्रष्टाचाररहित नगरपालिका बनाउन सुशासन कायम गर्न आफुले कुनै कसर बाँकी नराख्ने बताए ।

## दुर्गा...

प्रयोग भनेर पार्टी कर्ताकर्ताहरुलाई उक्साएका छन्। यसले पनि कतिपयमा भय सिर्जना भएको छ र एमालेको आलोचना भइरहेको छ ।

एमाले जसको प्रतिवादमा उत्रँदैछ त्यो व्यक्तिसँग एमालेको सम्बन्ध पनि छ । अर्थात, एमाले अध्यक्ष ओलीले आफैँलाई हजुरबा भन्ने र विगतमा केन्द्रिय समितिमा सँगै रहेका मेडिकल व्यावसायी दुर्गा प्रसाईंको प्रदर्शन बिफल बनाउन पार्टीका कार्यकर्तालाई प्रदर्शनमै उतारेका हुन् । वेटिङ सरकारको रुपमा रहेको पार्टी एउटा व्यक्तिको प्रतिवादमा उत्रिएको हो ।

अर्थमन्त्री डा. प्रकाशशरण महत कतिपयले बैंकको ऋण बढी लिनेले तिर्दिन भन्न थालेको र त्यसका लागि आन्दोलनको कुरा गरिरहेको बताउँछन् । बुधबार भक्तपुरमा आयोजित कार्यक्रममा बोल्दै उनले मुलुकको अर्थतन्त्रका विषयलाई समेत लिएर जथाभावी बोल्दै हिँड्नेले बैंकको ऋण बढी लिएर तिर्दिन भन्न नमिल्ने बताएका हुन् ।

ऋण लिएर खाने र १० ठाउँमा लगाएर बैंकको ऋण तिर्दिन प्रवृति गलत भएको उनको भनाइ थियो। उनले बैंकको ऋण लिएर व्यवसाय गर्दा गर्दै तिर्न नसक्ने व्यवसायीहरुलाई नीतिगत रुपमा राज्यले हेर्ने बताए । उनले बझासी नगर्ने तथा व्यवसाय गर्दा गर्दै समस्या परेकाहरुको लागि राज्यले सहजीकरण गर्न तयार रहेको बताए। पछिल्लो समय विश्व अर्थतन्त्र नै शिथिल भएर मन्दीमा रहेको भन्दै उनले नेपालको अर्थतन्त्र सकारात्मक दिशामा रहेको बताए ।

कोभिड-१९ महामारी, भूकम्प लगायतका असर भोगेर पनि नेपालको अर्थतन्त्र सकारात्मक रहेको उनको भनाइ थियो। उनले नेपालका राम्रो रेमिट्यान्स र पर्यटन आगमन उच्च रहेकाले अर्थतन्त्रमा थप सकारात्मक बन्ने अवस्थामा रहेको बताए । सरकारले देशका ठूला सडकमा मात्रै लगानी गर्नसके पर्यटन क्षेत्रले मात्रै नेपालको आर्थिक रुपान्तरणमा ठूलो योगदान गर्ने उनको विश्वास थियो ।

बैंकहरुबाट धेरै ऋण प्रवाह भएकाले मानिसहरुले धेरै लगानी जग्गा, सेयर र क्रिप्टोमा पनि लगानी गरेकाले बजारमा केही समस्या रहेको उनले बताए। अहिलेको व्यवस्थालाई खोस्ने सोच कसैले बनाएको छ भने त्यो गलत हुने उनले बताए । उनले अफवाह बोल्दै हिड्नेहरुको मुख बन्द गर्नुपर्ने अवस्था आएको बताए ।

लामो संघर्ष, मेहनत र योगदानबाट ल्याएको लोकतन्त्र व्यवस्था माथि आँच आउन दिन नहुने भन्दै उनले अहिलको व्यवस्थाले धेरै परिर्वतन आएको अर्थमन्त्री महतले बताए । अर्थमन्त्री महतले लोकतान्त्रिक पद्धतिमार्फत नै मुलुकको समृद्धि सम्भव रहेको भन्दै अहिलेको व्यवस्थालाई खोस्ने सोच कसैले बनाएको भए त्यो सफल हुन नसक्ने बताए ।

अर्थात, दुर्गा प्रसाईंको प्रतिवादमा एमाले सडकमा उत्रिँदा सरकारका रहेकाहरुले पनि घुमाउरो रुपमा सहयोग गरेको कतिपयको आरोप छ ।

## माओवादी...

नयाँ शक्ति पार्टी घोषणा गरे । तर त्यो पार्टी चल्न नसकेपछि उपेन्द्र यादव नेतृत्वको पार्टीसँग एकता गरे । २०७९ को चुनाव अगाडि फेरि उपेन्द्रसँग अलग भएपछि बाबुरामले नेसपा गठन गरेका थिए । तर चुनावमा भने माओवादीसँग एउटै चुनाव चिन्हबाट भाग लिने निर्णय लिए ।

नेताहरुका अनुसार, प्रचण्ड र बाबुराम दुवै पार्टी एकता गर्न सहमत भएकाले अब राजनैतिक तथा संगठनात्मक मिलनबारे छलफल हुनेछ ।

## कोपमा...

महासन्धीका पक्ष राष्ट्रहरूको २८ औं सम्मेलनमा नेपालले जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि कम विकसित राष्ट्रहरूलाई विकसित राष्ट्रहरूले दिइरहेको ऋणलाई अनुदानमा बदल्ने गरी आवाज उठाउने बताएका छन् ।

सम्मेलनमा सहभागीताका लागि अहिले तयारी चलिरहेको र यसपालिको सम्मेलनमा नेपालको उपस्थित अरू बेलाको भन्दा बलियो हुने प्रधानमन्त्री प्रचण्डले जानकारी दिएका छन् ।

उनकाअनुसार नेपालले जलवायु वित्तको पहुँचमा भोगिरहेको समस्याको प्रक्रियागत कठिनाइ, कोषको बाँडफाँटमा देखिएको असमानता र अन्य कठिनाइका बारेमा सम्बन्धित निकायहरुसँग छलफल हुनेछ।

उनले भनेका छन्, 'नेपाल याचना होइन, सशक्त दाबीका साथ प्रस्तुत हुनेछ। सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रस्तुत हुने डकुमेन्टहरू र प्रस्तुतीहरु सोहीबमोजिम तयार छ। नेपालले जलवायु वित्तको पहुँचमा भोगिरहेको समस्याको प्रक्रियागत कठिनाइ, कोषको बाँडफाँटमा देखिएको असमानता र अन्य कठिनाइका बारेमा सम्बन्धित निकायहरुसँग छलफल गरिनेछ ।'

गत वर्ष इजिप्टको साम-इल-शेख सहरमा भएको कोप २७ मा नेपालसहित कम विकसित मुलुकहरूलाई जलवायु परिवर्तनले पारेको असर न्यूनीकरणका लागि पैरवी गर्न दिइने अनुदानको रकम बढाउने छलफल भएको थियो । सोहीअनुसार संयुक्त राष्ट्रसंघले वित्तीय कोष बढाउने निर्णय पनि गरेको थियो । तर घोषणा कार्यान्वयनमा नआएको भन्दै उक्त घोषणालाई कार्यान्वयनमा लैजान यसपटक नेपालले पैरवी गर्ने भएको हो ।

वन मन्त्रालयका अनुसार जलवायु परिवर्तनसम्बन्धी उक्त सम्मेलनमा विश्व तापमान वृद्धिलाई सीमित गर्न विश्वका धनी र विकसित राष्ट्रहरुलाई आफ्नो प्रतिबद्धताको जिम्मेवारी पालना गर्नुपर्ने गरी नेपालले आफ्ना धारणा पेश गर्नेछ ।

जलवायु अनुकूलनका लागि दोब्बर घोषणा गरिएको सहायता कोषलाई अनुदानस्वरूप प्रदान गर्ने सहमतिको शीघ्र र पूर्ण कार्यान्वयनमा पनि नेपालले जोड दिइनेछ । यही वर्षदेखि आफ्नो छुट्टै पेभिलियन बनाएर छलफल चलाउने तयारी गरेको छ । अर्थात, प्रधानमन्त्री प्रचण्डले कोपमा जलवायु संकटको अत्यधिक जोखिमको क्षेतिको क्षेतिपुर्ति माग होइन दाबी गर्नेछन् । अन्तराष्ट्रिय ऋण होइन अनुदान लिने गरी नेपाल प्रस्तुत हुने उनको तयारी छ ।

## करोडौं...

प्रणाली सञ्चालन हुँदा त्यसमा चलखेल र लेनदेन हुने विषय यसअघि व्यापकरूपमा उठेको थियो । तर हाल पनि कार्यालय समयपछि फेमिस सहजरूपमा सञ्चालन हुने गरेको छ । कार्यालय समयपछि प्रयोगकर्ता कम हुने गरेका कारण प्रणालीमा प्रेसर कम हुने र सहजरूपमा चल्ने गरेको कर्मचारीको भनाइ रहने गरेको छ ।

फेमिसमा क्षमता कम भएको हो वा प्रणाली नै पुरानो भएको हो भन्ने विषयमा विभागको मात्रै नभएर मन्त्रालयको समेत टाउको दुखाइ बन्ने गरेको छ। फेमिसमा उत्पन्न समस्यालाई लिएर बुधबार मन्त्रालयका सचिव केवल प्रसाद भण्डारी आफैं सक्रिय भएर विभागका प्राविधिक अर्थात आईटी शाखाका इन्जिनियरसँग छलफल गरेका थिए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधिका रूपमा विभागमा काम गरिरहेका संघ कार्यसमिति सदस्य देउमान नेम्वाङ देशको अर्थतन्त्र धान्ने क्षेत्रका रूपमा रहेको वैदेशिक रोजगारको श्रम स्वीकृतिमा उत्पन्न समस्या डेढ महिना लामो समयसम्म पनि समाधान नगरिदिँदा व्यवसायी र कामदार तनावमा रहेको बताउँछन् । उनले भने, 'बेरोजगार युवायुवतीलाई रोजगारीको व्यवस्था गर्न करोडौं लगानी गरेका निजी क्षेत्रका व्यवसायीको मर्मलाई विभागले नबुझेको जस्तो देखिन्छ ।'

## आगामी...

कामदार दक्षिण कोरिया गएकामा नेपालीको संख्या ५० हजारभन्दा बढी रहेको छ। यस वर्ष स्वीकृत कोटा १ लाख १० हजारमध्ये हालसम्म ९८ हजार १० कामदार कोरिया पुगेको बताइएको छ ।

आगामी वर्षका लागि स्वीकृत १ लाख ६५ हजारमध्ये उत्पादन क्षेत्रमा ९५ हजार, कृषिका लागि १६ हजार, पानी जहाज निर्माणका लागि ५ हजार र निर्माण अर्थात कन्स्ट्रक्सनका लागि ६ हजार, सर्भिस सेक्टरका लागि १३ हजार र जुनसुकै क्षेत्रमा काममा लगाउन पाउने गरी खुला क्षेत्रमा २० हजार कामदार लैजाने छ। दक्षिण कोरीयाले आफ्नो देशमा रहेको श्रमिक जनशक्तिको अभावलाई कम गर्नका लागि ठूलो संख्यामा विदेशी कामदारलाई लैजान लागेको हो। पछिल्ला दिनमा पानी जहाज निर्यातमा उल्लेख्य उपलब्धि हासिल गरेको दक्षिण कोरियाले उक्त क्षेत्रमा थप कामदार माग गर्न सक्ने आंकलन गरिएको छ । सन् २०२४ का लागि तोकिएको १ लाख ६५ हजार विदेशी कामदार कोटामध्ये नयाँ कामदार १ लाख ४२ हजार ५ सय ३० जना र कोरियामा एक कार्यावधि काम गरेका २१ हजार ४ सय ६० जना प्रतिबद्ध (कमिटेड) कामदार जान पाउने बताइएको छ ।

आगामी वर्षदेखि कोरियाले ईपीएसमार्फत रेस्टुरेन्ट, होटेल, मोटेल जस्ता सर्भिस सेक्टर र वनजंगल कटानी र माइनिङ अर्थात खानीमा पनि विदेशी कामदार ल्याउने सार्वजनिक गरेको छ । यी क्षेत्रमा आगामी वर्ष परीक्षणका रूपमा कामदार लैजाने र प्रभावकारी भएमा निश्चित कोटा तोकेर लैजाने कोरियाली सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

# ललितपुरमा थपिए दुई दमकल




**ललितपुर/मस-** ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले विपद् व्यवस्थापनको सन्दर्भमा गर्नुपर्ने काममा उच्च प्राथमिकता दिएको बताएका छन् । महानगरपालिकाले खरिद गरेको अमेरिकी मापदण्डको दुईवटा अत्याधुनिक दमकल परिचालनको शुभारम्भ गर्दै उनले विपद् न्यूनीकरण र व्यवस्थापनका लागि सामूहिक प्रयत्नको खाँचो पर्ने बताए ।

'हामीसँग एक सय ६ वर्ष पुरानो डेनिस दमकल पनि सञ्चालनमा रहेको छ । अहिले आएको यो दमकल अरू दमकल पुग्न नसक्ने ठाउँमा पनि पाइपको माध्यमबाट सहयोग पुऱ्याउने छ। पानीले ननिभ्ने आगोलाई फोम हालेर निभाउन मिल्ने यो दमकलले धेरै नै ठूलो सहयोग पुग्छ',उनले भने। महानगरका खरिद महाशाखा प्रमुख सागर थापाका अनुसार अमेरिकी मापदण्डका यी दुई दमकल खरिदका लागि २०७९ असोजमा सम्झौता भएको थियो । दुईवटा अत्याधुनिक दमकलको लागत मूल्य पाँच करोड ६५ लाख रहेको उनले जानकारी गराए ।

दमकलको प्राविधिक पक्षको जानकारी मेकानिकल गराउँदै महानगरका इन्जिनियर पुष्कर भट्टराईले यो दमकलले एक सय २० मिटरसम्म उच्च क्षमतामा पानी र केमिकलको फोहोरा हान्न सक्ने जानकारी गराए । उनका अनुसार ती दमकलमा दुई हजार पाँच सय लिटर पानी भण्डारण क्षमता छ ।

# उच्च प्रजनन क्षमताका मुर्रा राँगा नेपालमा



**काठमाडौं/मस-** भारतबाट उच्च प्रजनन क्षमताका मुर्रा राँगा नेपाल ल्याइएको छ ।

सरकारबाट नेपाललाई वस्तुगत सहायतास्वरुप उच्च प्रजनन क्षमताका मुर्रा राँगा उपलब्ध गराउने सहमति भएअनुसार भारतबाट बुधबार बाँकेको जमुनाहा नाका हुँदै ती राँगा नेपाल भित्रिएका हुन् । उपलब्धता र भौगोलिक समानतासमेतका आधारमा सम्भावित क्षेत्र पहिचान गरी उच्च प्रजनन क्षमताका मुर्रा राँगा नेपाल ल्याउन नेपाल सरकारले लामो प्रयास गरिरहेको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को पछिल्लो भारत भ्रमणका अवसरमा मुर्रा राँगा नेपाललाई प्रदान गर्ने घोषणा भएको थियो ।

विद्यमान क्वारेन्टिन प्रक्रिया पूरा गरी नेपाल ल्याइका राँगा लहान पोखरा र गौघाटस्थित राष्ट्रिय पशु प्रजनन कार्यालयमा व्यवस्थापन गरिने पशु सेवा विभागले जनाएको छ। भारतबाट प्राप्त राँगामध्ये राष्ट्रिय पशु प्रजनन कार्यालय पोखरामा सात, राष्ट्रिय पशु प्रजनन कार्यालय लहानमा पाँच र राष्ट्रिय पशु प्रजनन कार्यालय नेपालगञ्जमा तीन वटा राखिने छ ।


## UAE मा वैदेशिक रोजगार | कम्पनी: ROYAL CATERING SERVICES L L C

पूर्व स्वीकृत मिति: २०८०/०३/१३ | चलानी नं.: ६०२०४००५ | L.T. No.: 288159 | पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beverage Maker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 24 | 0 | | 1200 | ४३,४७६ | | | | | | | |

## OMAN मा वैदेशिक रोजगार | कम्पनी: HAYAT FANJA TRADING
शहर: OMAN

पूर्व स्वीकृत मिति: २०८०/०७/१९ | चलानी नं.: ६०२०९८३५ | L.T. No.: 294730

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician Genaral | 0 | 1 | स. काममा दक्ष | 170 | ५८,८१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १४ गते (30 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
| Itahari Contact No: 025-584776, 9816368105, Chitwan Contact No: 056-512369, 9761890793
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com
| like us on facebook.com/naukri.nepal



## OMAN मा रोजगार | कम्पनी : NESTO HYPERMARKET LLC | शहर : Oman

पूर्व स्वीकृत मिति: २०७९/०९/०६ | चलानी नं.: ६०१९३६०० | L.T. No.: 278085 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bread And Pastries Saleman | 14 | 0 | स. काममा दक्ष | 130 | ४४९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Children Clothes Salesman | 11 | 0 | | 130 | ४४९८० | | | | | | | |
| 3. | Cook General | 7 | 0 | | 150 | ५१९०० | | | | | | | |
| 4. | Electrical Household Appliances Salesman | 14 | 0 | | 130 | ४४९८० | | | | | | | |
| 5. | Household Utensils And Equipments Salesm | 19 | 0 | | 130 | ४४९८० | | | | | | | |
| 6. | Household Utensils Salesman | 1 | 0 | | 130 | ४४९८० | | | | | | | |
| 7. | Loading And Unloading Worker | 17 | 0 | | 120 | ४१५२० | | | | | | | |
| 8. | Men Clothes Salesman | 1 | 0 | | 130 | ४४९८० | | | | | | | |
| 9. | Ready Made Clothes Sales | 15 | 0 | | 130 | ४४९८० | | | | | | | |
| 10. | Rugs And Carpets Salesman | 16 | 0 | | 130 | ४४९८० | | | | | | | |
| 11. | Shoes Salesman | 13 | 0 | | 130 | ४४९८० | | | | | | | |
| 12. | Sporting Clothes Sales | 19 | 0 | | 130 | ४४९८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १४ गते (30 Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३
Itahari: 9862360723 | Jhapa: 9806074134



## इटहरी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी, कोशी प्रदेश, नेपाल

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

# राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि नयाँ मतभार



**काठमाडौं/मस–** राष्ट्रिय जनगणना २०७८ को नतिजाबमोजिम राष्ट्रिय सभा सदस्यको अब रिक्त हुने पदको निर्वाचनका मतदाताका लागि नयाँ मतभार कायम भएको छ।

राष्ट्रिय तथ्यांक कार्यालयको सिफारिससमेत आधारमा राष्ट्रिय सभा सदस्यको पदका लागि मतदाता रहेका प्रदेश सभा सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १९ मतभारका दरले गणना हुने गरी निर्वाचन आयोगबाट बुधबार निर्णय भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए। यसअघि राष्ट्रिय सभा सदस्य निर्वाचनमा उक्त मतभार प्रदेश सभा सदस्यका लागि ४८ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १८ रहेको थियो।

नेपालको संविधानको धारा ८६ को उपधारा (३) बमोजिम राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि २०८० फागुन २० गते समाप्त हुन लागेको र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिन पहिले निर्वाचन गरिसक्नुपर्ने कानूनी व्यवस्था छ।

निर्वाचन ऐन, २०७५ मा राष्ट्रियसभाको निर्वाचनमा प्रदेश सभाका सदस्य र गाउँपालिकाका अध्यक्ष तथा उपाध्याक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखले मतदान गर्ने निर्वाचन मण्डलको मतभारको व्यवस्था रहेको छ।

# स्थानीय सरकारलाई दिनुपर्ने अधिकार दिन तयार छुः मुख्यमन्त्री पाण्डे



**कास्की/मस–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश सरकार प्रदेशबाट स्थानीय सरकारलाई दिनुपर्ने अधिकार र स्रोत दिन आफू तयार रहेको बताएका छन्। गण्डकी प्रदेश समन्वय परिषद्को छैटौं बैठकको अध्यक्षता गर्दै उनले स्थानीय सरकारसँग शासन गर्ने इच्छा आफूलाई नभएको बताए।

प्रदेशबाट स्थानीय सरकारलाई दिनुपर्ने अधिकार र स्रोत दिन प्रदेश सरकार तयार रहेको उनले जानकारी दिए। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा भएको बैठकले विभिन्न १३ बुँदे निर्णय गरेको छ।

बैठकले प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध र सहकार्यका क्षेत्र, नमूना र उपलब्धिको हालसम्मको अध्ययन, अनुसन्धान र समीक्षा गरी सुधारका क्षेत्रहरू पहिचान गर्ने निर्णय गरेको छ।

यसैगरी बैठकले गण्डकी प्रदेश सरकारबाट सञ्चालन भइरहेको परियोजना बैंकमा प्रदेश र स्थानीय तहका आयोजना तथा कार्यक्रमको प्रविष्टीमा सहजीकरण गरी योजना पद्धतिलाई नतिजामूलक व्यवस्थापन गर्ने, प्रदेश र स्थानीय तहको प्रशासनिक अन्तरसम्बन्धका लागि प्रमुख सचिवको संयोजकत्वमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सम्मिलित प्रदेश प्रशासनिक समन्वय परिषद् गठन गर्ने, प्रदेश र स्थानीय तहको राजस्व तथा प्राकृतिक स्रोतको पहिचान, संकलन, वितरण र उपयोगमा मार्गदर्शनका लागि स्थानीय तहको प्रतिनिधिसहित एकीकृत सहजीकरण संयन्त्र निर्माण गर्ने निर्णय गरेको छ।

गण्डकी प्रदेशको दोस्रो आवधिक योजना र स्थानीय तहका आवधिक योजनाका बीचमा तादात्म्यता तथा एकीकृत स्वरूप कायम गर्ने, आयोजना बैङ्कमार्फत योजना बनाउँदा स्थानीय तहबाट सिफारिस योजनालाई प्राथमिकता दिने साथै स्थानीय तहले समेत आयोजना बैंक बनाई योजना बनाउने, गण्डकी प्रदेशभित्रका प्रदेश तथा स्थानीय सरकारहरूका आन्तरिक आम्दानी न्यून भएकाले आम्दानीका विविध स्रोतहरू ढुंगा, गिट्टी, बालुवा, काठ, खनिज तथा पर्यटन शुल्कलगायत स्रोतहरू बाँडफाँड र व्यवस्थापनका लागि प्राकृतिक स्रोतसम्बन्धी एकीकृत कानून निर्माण गर्न तथा कालीगण्डकी कोरिडोर, ए-क्याप, एम-क्याप लगायतका संस्थाहरूले गरेका भू-भाग प्रदेशसँग समन्वय र सहकार्यमा स्थानीय तहलाई प्रयोग, संरक्षण, संवर्द्धन गर्ने व्यवस्था मिलाउन संघीय सरकारसँग माग गर्ने बैठकले निर्णय गरेको छ।

संघबाट प्रदेश सरकारमा, संघ र प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने अनुदानमध्ये ससर्त, समपूरक र विशेष अनुदानको अंश घटाई समानीकरण अनुदानको हिस्सा वृद्धिका लागि प्राकृतिक स्रोत तथा वित्त आयोग र राष्ट्रिय योजना आयोगलाई अनुरोध गर्ने, प्रदेश सरकारबाट सञ्चालित योजना तथा कार्यक्रम कार्यान्वयन र अनुगमनका लागि स्थानीय तहसँग समन्वय र सहभागिता हुनेगरी यथोचित संयन्त्रको व्यवस्था गर्ने पनि बैठकले निर्णय गरेको छ।

नेपालको संविधानको अनुसूचीमा तहगत सरकारका एकल र साझा अधिकार स्पष्ट उल्लेख गरेकामा उल्लिखित एकल अधिकारको कार्यान्वयनमा अर्को तहले हस्तक्षेप होइन, सहजीकरण गर्न बैठकमा सामूहिक प्रतिबद्धता व्यक्त गरिएको छ।

राष्ट्रिय समन्वय परिषद्को पोखरामा बसेको प्रथम बैठकबाट पारित निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सङ्घीय सरकारसँग माग गर्दै बैठकले सङ्घ, प्रदेश र स्थानीय तहबीच योजनामा बजेट विनियोजन गर्दा सिलिङ तोक्ने व्यवस्था गर्ने र दोहोरोपन नहुने गरेर योजना तथा बजेट तर्जुमा गर्न सङ्घीय सरकारलाई अनुरोध गरेको छ।

कानूनी परामर्शका लागि कानुन अधिकृत/ विज्ञको व्यवस्थापनका लागि नेपाल नगरपालिका संघ (गण्डकी प्रदेश) र गाउँपालिका राष्ट्रिय महासंघ (गण्डकी प्रदेशका) सँग परामर्श गरी यसै आर्थिक वर्षमा उपयुक्त व्यवस्था गर्ने भनिएको छ।

# डडेल्धुरामा मेलाको रौनक



**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ६ मंसिर

तिहार सकिएलगत्तै सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरुमा जाँत(जात्रा)को रौनक शुरु भएको छ। डडेल्धुरा लगायत सुदुरका पहाडी जिल्लामा कात्तिक शुक्ल पक्ष शुरुसँगै जात्राको रौनक शुरु भएको हो।

तिहारको दिनदेखि शुरु भई कात्तिक शुक्ल पूर्णीमासम्म विभिन्न मठमन्दिरमा जात्रा लाग्ने गर्दछ। डडेल्धुराको गन्यापधुरा गाउँपालिका वडा नम्बर ४ मा रहेको कैलपाल देवताको जात्रा सोमबारबाट जारी छ।

वडा अध्यक्ष नरेन्द्रकुमार भट्टका अनुसार आइतबार रतेडी र सोमबार दिउसेडी भएको छ।

कैलपाल देवताको जात्राका लागि विभिन्न गाउँबाट देउरो आउने गर्छन्।

यस्तै डडेल्धुराको गन्यापधुरा गाउँपालिका-२ मा बडाल जात्रा मंसिर ८ गते हुने भएको छ। गन्यापधुरा गाउँपालिका वडा नम्बर २ का अध्यक्ष मनोज देउवाले मंसिर ७ गते रतेडी र मंसिर ८ गते दिउँसेडी हुने जानकारी दिए। लाटागन्याप देवताको भक्ति स्वरुप बनाइने चौलोले प्रख्यात बडाल जात्रामा स्थानीय बाजागाजा, भोक्कर, देवलहरूका भाला, गुर्जा, खुकुरी र तरबार हातहातमा समातेर खेलिने भएकाले यस मेलाले सुदूरपश्चिममा प्रसिद्ध पाएको छ।

यस्तै डडेल्धुराको भागेश्वर गाउँपालिका-२ अवस्थित भागेश्वर मन्दिरमा मंसिर १० गते रातिदेखि मेला लाग्ने भएको छ। धुराइ जाँतका नामले परिचित उक्त मन्दिरमा मंसिर १० गते राति मेला लाग्ने जनाइएको छ। सुदूरपश्चिमकै प्रमुख धार्मिकस्थल रुपमा रहेको भागेश्वर मन्दिरमा वर्षको चार पटक पूजा गर्ने प्रचलन भएपनि मेला भने वर्षमा दुई पटक लाग्ने गर्दछ।

यस्तै सुदूरपश्चिम प्रदेशकै प्रसिद्ध शक्तिपीठ उग्रतारा भगवती मन्दिरमा हरेक वर्ष लाग्ने मेला 'देहिजाँत' मंसिर १२ गते लाग्ने भएको छ। मंसिर ११ गते रतेडी र १२ गते दिउँसेडी लाग्ने उग्रतारा क्षेत्र विकास समितिले जनाएको छ।

छचोडा, खनमडा, दुमडा र जिलोडा भ्राण रहेको उग्रतारा भगवती मन्दिरमा यी चारवटै गाउँबाट रतेडी मेलामा बिहान देउरो आएपछि दिउँसेडी मेला शुरु हुन्छ।

डडेल्धुरा सदरमुकामबाट ४ किलोमिटर टाढा अमरगढी नगरपालिका-८ को सुन्दरडाँडा अवस्थित शक्तिपीठ उग्रतारा भगवतीको मन्दिरमा लाग्ने मेलामा हजारौं दर्शनार्थी पुग्छन्। किम्बदन्तीअनुसार २५ सय वर्ष पहिला हालको अमरगढी नगरपालिका लटाउली बस्ने साँकी जातिका स्थानीयले हलो जोत्दा हलोको फाली लागेर रगत बगेपछि देवी उत्पन्न भएर दर्शन दिएपछि त्यस दिनदेखि महागौरी दुर्गा र कालीको स्वरुपमा उग्रतारा भगवतीको पूजा गरिँदै आएको जनविश्वास छ।

यस्तै डडेल्धुराको प्रसिद्ध जगन्नाथ मेला मंसिर १३ गते लाग्ने भएको छ। स्थानीय भाषामा 'खोलेइ जाँत' नामले परिचित जगन्नाथ मंसिर १२ गते रतेडी र १३ गते दिउँसेडी मेला लाग्ने भएको हो। अजयमेरु गाउँपालिका ३ र ४ को मध्य भागमा रहेको जगन्नाथ मन्दिरमा मेला लाग्ने गरेको छ।

# अन्तर्राष्ट्रिय बाल दिवसका अवसरमा आधारभूत विद्यालयस्तरीय वक्तृत्वकला



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ६ मंसिर

उदयपुरमा आधारभूत विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ।

त्रियुगा नगरपालिकाको आयोजना तथा नगर बाल संजालको समन्वय र ओरेक, हुरेण्डेक, बाल हेल्प लाईन लगायतको सहकार्यमा बुधबार प्रतियोगिता सञ्चालन गरिएको हो। अन्तर्राष्ट्रिय बाल दिवसको सन्दर्भ पारेर 'बाल विवाह न्यूनीकरणमा हाम्रो भूमिका'विषयक आधारभूत विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितामा कक्षा ८ सम्मका लालिगुँरास, उदयपुर बोर्डिङ,अम्बेबर जनता, सृजना प्रेमी आधारभूत विद्यालय पुरानो गाईघाट लगायत २० वटा विद्यालयहरुबाट २० जना विद्यार्थीहरुले प्रतियोगितामा सहभागिता जनाएका थिए। जनता आधारभूत विद्यालयको तुलसीराज राउत पहिलो, हिमालयन डेजी पौडेल दोस्रो, प्याराडाईज बोर्डिङ गाईघाट सम्पन्न थापा तेस्रो भएका छन्। त्यसैगरी सान्त्वनातर्फ अम्बेबर जनता राजाबाससको गोविन्द खतिवडा, उदयपुर बोर्डिङ गाईघाटको आयुष्मा मगर, जनप्रेमी विद्यालयबाट कुशल ढकाल भएका छन्।

पहिलो, दोस्रो र तेस्रो लगायत तीन जनालाई सान्त्वना पुरस्कार लगायत सहभागिहरुलाई प्रमाणपत्र क्रमशः ३ हजार, २५ सय,२ हजार,१५ सय बराबरको शैक्षिक सामग्री डायरीहरु त्रियुगाको उपमेयर महेश्वरी राई लगायत अतिथिहरुले प्रदान गरेका थिए। कार्यक्रममा विभिन्न विद्यालयहरुका शिक्षक विद्यार्थीहरुले सहभागिता जनाएका थिए। प्रतियोगितामा निर्णायक मण्डलले भाषा, भाषणकला,विषयवस्तुसँग सम्बन्धित, समयसिमा जस्ता विषययबस्तुमा आधारित रहेर छनौट प्रक्रिया हुने नगर बाल सञ्जालका अध्यक्ष रुपेश कार्कीले बताए।

# 'भिजिट भरतपुर २०२४' सञ्चालन गरिने




**काठमाडौं/मस–** भरतपुर महानगरपालिकाले 'भिजिट भरतपुर २०२४' अभियान सञ्चालन गर्ने भएको छ। महानगर र पर्यटन बोर्डद्वारा बुधबार आयोजित 'सरोकारवाला निकायसँग अन्तरक्रिया तथा पत्रकार सम्मेलनमा' भरतपुरलाई पर्यटकीय गन्तव्यका रुपमा प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटक भित्राउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको जनाइएको हो।

महानगरपालिका उपप्रमुख चित्रसेन अधिकारीले भरतपुरलाई पर्यटकीय सहरका रुपमा परिचित गराउन सन् २०२४ लाई भ्रमण वर्षका रुपमा अभियान सञ्चालन गर्न लागिएको जानकारी दिए। मध्य नेपालको उत्कृष्ट गन्तव्यका रुपमा रहेको चितवनको भरतपुर महानगरपालिका 'भ्रमण वर्ष' अभियान सञ्चालन गर्ने पहिलो स्थानीय सरकार रहेको भन्दै यो अभियान महानगरको मात्र नभइ समग्र मुलुकको रहेको बताए।

संस्कृति, पर्यटन तथा नागरिक उडड्यन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरीले प्राकृतिक सौन्दर्यताको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्न महानगरले चालेको पहल ऐतिहासिक रहेको बताइन्। पर्यटन क्षेत्रको संरक्षण र प्रवर्द्धनमा देखिएका कानुनी बाधालाई समीक्षा गरी समाधानतर्फ मन्त्रालय प्रयासरत रहेको उनको भनाइ थियो। पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत धनञ्जय रेग्मीले महानगरले चितवनमा लुकेका गन्तव्यलाई प्रकाश पार्न थालेको 'भ्रमण वर्ष २०२४' अभियान उपयुक्त समय रहेको भन्दै यस अभियानलाई सफल पार्न बोर्ड प्रतिबद्ध रहेको बताए।

महानगरका आर्थिक विकास महाशाखा प्रमुख तेजेन्द्रप्रसाद पौडेलले मुलुकको प्रमुख आयस्रोतका रुपमा रहेको पर्यटन क्षेत्रको प्रवद्धन र विस्तार गर्न थालिएको अभियान प्रभावकारी हुने बताए। महानगरका पर्यटन विज्ञ सल्लाहकार डा.विश्व सुवेदीले आर्थिक समृद्धिको लागि यस अभियान आवश्यक रहेको भन्दै भ्रमण वर्षलाई प्रभावकारी बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गरी ५२ कार्यक्रम गर्ने निर्णय भएको जानकारी दिए।

नाटा (नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स) महासचिव कुमार थपलियाले महानगरसँगै चितवनका पर्यटकीय गन्तव्यलाई पनि समेट्नु पर्नेमा जोड दिए। गैरआवासीय नेपाली संघका उपमहासचिव सोम सापकोटाले भरतपुरका साथै समग्र मुलुकको पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय संघसंस्थासँग समन्वय गरी ईन्टरनेटको माध्यमबाट प्रसारप्रचार गर्नुपर्नेमा जोड दिए।

नेपाल उद्योग वाणिज्य महासंघ, पर्यटन समितिका उपसभापति अचुत गुरागाइँले पर्यटन बोर्डमा भएको बजेट कार्यान्वयन गर्न कार्यविधि नहुँदा पर्यटन क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्न नसकिएको बताए।

पर्यटन प्रवर्द्धनका लागि सन् २०२४ लाई 'घुमौं भरतपुर' नाराका साथ भरतपुर भ्रमण वर्ष अभियान सञ्चालन गरिएको महानगरले जनाएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७५/०२/१४ मा दर्ता भएको **प्रा.लि. नं. १९०३९४** को **वेबरुट मल्टिप्रपोज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७४/०४/२३ मा दर्ता भएको **प्रा.लि. नं. १७२६०९** को **गोल्डेन गेट इन्भेष्टमेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

HIMALAYAN LIFE
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ५९७००५७, पो.ब.नं. २५९७९
**हकदाबी सम्बन्धी सूचना**
यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1 | PLI1870000473 | AARUSH RAWAT | PHOIMAHADEV-08 KALIKOT |

**यूएईमा रोजगार |** कम्पनी: GATEWAVE INFORMATION TECHNOLOGY CO.
शहर: UAE
पुर्व स्वीकृत मिति: २०८० | चलानी नं.: ६०२०६६८० | LT. No.: 291430 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Filling Clerk | 2 | 2 | सम्बन्धित काममा दक्ष | 2500 | ९०,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | IT Manager | 1 | 1 | | 3500 | १२६,८०५ | | | | | | | |
| 3. | Marketing Manager | 0 | 3 | | 3500 | १२६,८०५ | | | | | | | |
| 4. | Office Boy. | 2 | 0 | | 2000 | ७२,४६० | | | | | | | |
| 5. | Office Girl. | 0 | 3 | | 2000 | ७२,४६० | | | | | | | |
| 6. | Office Supervisor | 1 | 2 | | 2500 | ९०,५७५ | | | | | | | |
| 7. | Project Manager | 1 | 0 | | 3000 | १०८,६९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर १४ गते (30 Novvember 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

C.D. Human Resources Pvt. Ltd.
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073

**कुवेतमा रोजगार |** कम्पनी: AL HASHEMI CONSTRUCTION GROUP
शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०७९/०४/१६ | चलानी नं.: ६०१८४१९७ | LT. No.: 268487 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५४,००६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Contruction Worker (Indoor) | 108 | 0 | | 90 | ३८,८८५ | | | | | | | |
| 3. | Housing Electrician | 24 | 0 | | 125 | ५४,००६ | | | | | | | |
| 4. | Scaffolder | 23 | 0 | | 125 | ५४,००६ | | | | | | | |

**अन्तर्वार्ता न्यू रामजानकी ट्रेनिङ सेन्टर, जनकपुरमा २०८० मंसिर १४ र १५ गते (30 Nov. & 1 Dec. 2023) मा हुनेछ।**
